चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : १

## भाग २

## कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : १

## भाग २

### कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५

स्वीकृत मिति : २०७५/०३/२० गते

**प्रस्तावना :** चापाकोट नगरपालिका क्षेत्रभित्र कृषि तथा पशुपालन गर्ने कृषकलाइ अनुदान रकम उपलब्ध गराउन चापाकोट नगरपालिकाको आ.व. २०७५/०७६ को बजेट अधिवेशनमा उल्लेख भए बमोजिम देहाय बमोजिम देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्राम्भ :** (१) यस कार्य विधिको नाम चापाकोट नगर पालिकाको "कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि चापाकोट नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कृषक"** भन्नाले चापाकोट नगरपालिका भित्र कृषि तथा पशुपंक्षी पालन तथा विक्रि वितरण समेत गर्ने व्यवसायी/व्यक्ति सम्झनु पर्दछ ।

ख) **"कार्यालय"** भन्नाले चापाकोट नगरपालिका कार्यालयलाइ सम्झनु पर्दछ ।

ग) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले दफा ८ बमोजिमको भुक्तानी समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## अनुदान सम्बन्धी व्यवस्था

३. **अनुदान रकम निर्धारण गर्ने :**

(१) चापाकोट नगरपालिकाले प्रत्येक वर्ष कृषि तथा पशुपंक्षीमा अनुदान रकम निर्धारण गर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुदान रकमको निर्धारण कृषी तथा पशुपंक्षी न्यूनतम समर्थन मूल्य कृषि, पशुको आन्तरिक उत्पादन, उत्पादनको लागत तथा अन्तराष्ट्रिय बजार समेतको आधारमा गरिने छ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि चापाकोट नगर पालीकाले कृषि तथा पशुपंक्षी उत्पादनको न्यूनतम समर्थन मुल्यमा परिवर्तन नगरेसम्मको लागि सम्बत २०७५ श्रावण १ गतेदेखी लागुहुने गरी कृषी अनुदान रकम आवस्यकता अनुसार न्यूनतम रु १० हजार देखी अधिकतम रु २० लाख रुपैयाँ कायम गरिएको छ।

४. **कृषक समुह दर्ता हुनुपर्ने :**

(१) कृषि तथा पशुपंक्षीको फर्मलाई अनुदान प्राप्त गर्न कृषकहरुले आफ्नो स्थानीय तहमा दर्ता हुन रीतपुर्वकको आवेदन दिनुपर्ने छ ।

र सोहि अनुरुप स्थानीय तहले दर्ता गर्नुपर्ने छ ।

(२) प्रत्येक बर्षको भाद्र मसान्त भित्र सम्बन्धित कृषक समुह/सहकारीले पशुपंक्षी पालन गर्ने र कृषकहरुको अन्तिम लागत अनुसुची (१) बमोजीमको ढाँचा बमोजीम प्रकाशन गरि चापाकोट नगरपालीका, नगरकार्यपालकाको कार्यालय, कृषि तथा पशुसेवा शाखामा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

(३) आगामी आर्थिक बर्ष २०७६/०७७ देखी कृर्षकहरुलाई चापाकोट नगरपालीकाले प्रदान गर्ने प्रयोजनको लागि अनुसुची (१) अनुसार को कृषकहरुको लागत लाई आधार मानिने छ ।

**५. कृषकको विवरण उपलब्ध गराउनु पर्ने :**

(१) कृषी तथा पशुसेवा शाखाले प्रत्येक सिजनमा कृषक बाट खरिद तथा उत्पादन गरेको कृषि तथा पशुपंक्षीको परिमाण र कृषकको नाम, थर, वतन र निजको बैंक खाता समेत अद्यावधिक गर्नु पर्ने छ ।

(१.क)आर्थिक बर्ष २०७६/७७ को उत्पादन सिजन देखि उपदफा (१) को अतिरिक्त कृषि तथा पशु शाखा मार्फत सम्बन्धित स्थानीय तहले प्रकाशन गरेको अनुसूची १ अनुसारको लगतमा उल्लेखित कृषकको दर्ता नम्बर समेत कायम गरि अद्यावधिक गर्नुपर्नेछ ।

(१.ख)अर्थिक बर्ष २०७६/०७७ सम्मको कृषि अनुदान वितरणका लागी शाखाले उपदफा (१) को अतिरिक्त आँफूले कृषि तथा पशुपंक्षी जन्य सामाग्री खरिद गरेका नेपाली कृषकहरुको पहिचान खुल्ने देहाय बमोजिमका कागजात समेत अद्यावधिक गर्नुपर्नेछ ।

(क) कृषी तथा पशुपंक्षी उत्पादन र विक्री परिमाणको विवरण सहित उत्पादक कृषकको जग्गाको क्षेत्रफल अनुसारको जग्गाधनी प्रमाणपत्र वमोजीमको कित्ता नम्वर खुलेको कागजात वा जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी समावेश गर्ने, वा

(ख) खण्ड (क) अनुसार प्राप्त गर्न नसकेको खण्डमा जग्गा करारमा लिई कृषी गरेका र पशुपंक्षी पालन गरेका कृषकहरुको हकमा खेती गरिएको जग्गाको क्षेत्रफल र कित्ता नं खुलेको करार सम्झौताको कागजातको प्रतिलिपी समावेश गर्ने, वा

(ग) खण्ड (क) र (ख) वमोजीम कागजात प्राप्त गर्न नसकेको खण्डमा सम्वन्धित कृषकले खेती गरेको जग्गाको क्षेत्रफल, जग्गाको कित्ता नम्वर वा चारकिल्ला र उत्पादन परिमाण खुलाई सिफारिस गरेको पत्र सहित त्यस्ता कृषकको छुट्टै लगत राख्ने ।

(२) शाखाले उपदफा (१), (१ क) र (१ ख) बमोजिमको विवरण समितिलाई चार/चार महिनामा अद्यावधिक गरि उपलब्ध गराउनु पर्नेछ ।

६. **अनुदान रकम कार्यालय मार्फत वितरण गर्ने :**

(१) दफा ५ बमोजिम शाखाले उपलब्ध गराएको विवरणका आधारमा समितिको निर्णयानुसार कार्यालयले सम्बन्धित कृषक/समुह/व्यवसायीको बैंक खातामा भुक्तानी गर्ने गरी अनुदान रकम उपलब्ध गराउने छ ।

२) उपदफा (१) बमोजिम उपलब्ध गराएको रकमबाट कृषकलाई पहिलो भुक्तानी गर्ने गरी कार्यालयले सम्बन्धित कृषकको बैंक खातामा अनुदान रकम जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (३) बमोजिम बैंक खातामा जम्मा गरिएको र बाँकी रकमको विवरण वार्षिक रुपमा नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

७. **बजेटमा समाबेश गर्ने :**

(१) कृषकलाई उपलब्ध गराउने अनुदानको रकम आवस्यकता अनुसार प्रत्येक वर्ष बजेटमा समावेश गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कृषि तथा पशुपंक्षी

पालन गर्ने सम्बन्धित कृषक, व्यवसायी तथा कृषी तथा पशुपंक्षी पालन गर्ने सम्वद्ध निकाय वा व्यक्ति वाट स्थानिय तहमा माग गरी पठाउनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान बापतको रकम बजेटमा समावेश नभएमा वा नपुग हुन आएमा त्यस्तो र कम चापाकोट नगरपालिकाले उपलब्ध गराउनेछ ।

७ क. **जिम्मेवारी दिन सक्ने** : नगरपालिकाले मातहतका निकायलाई जिम्मेवारी दिइ यस कार्यविधि अनुसार कार्यहरु कार्यान्वयन गराउन सक्नेछ ।

८. **भुक्तानी समिती** :

(१) कृषि तथा पशु पालन सञ्चालन भएका स्थानमा कृषकलाई अनुदान रकम भुक्तानी गर्न देहायको समिति रहनेछ ।

(क) सम्बन्धित स्थानिय तहको प्रमुख-संयोजक

(ख) सम्बन्धित स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित स्थानिय तहको लेखा प्रमुख -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकामा संचालन भएका मिलको उत्पादन क्षमता, उत्पादन विवरण लगायतका अन्य विवरण संकलन गर्ने।

(ख) प्राप्त विवरणको आधारमा कृषकको विवरण अद्यावधिक गरी कृषकलाई अनुदान प्रदान गर्ने ।

(ग) नगरपालिकामा उपलब्ध गराएको कृषकको विवरण,भुक्तानीको रकम र बैंक खाता लगायतका विवरण अद्यावधिक गरी नगरपालिकामा उपलब्ध गराउने ।

(घ) स्थानीय तहले कृषकलाई भुक्तानी गरेको रकमको विवरण र कार्यालयमा प्राप्त भएको अनुदान रकमको भिडान गरी नियमित अनुगमन गर्ने ।

(ङ) प्रत्येक वर्ष उत्पादन हुने कृषि तथा पशुपंक्षीको परिमाण र कृषकले गरेको उत्पादनको विवरण अद्यावधिक गरी नगर पालिकामा उपलब्ध गराउने ।

९. **सिफारिस गरिएको कृषि तथा पशुपंक्षी पालनमा मात्र अनुदान दिइने** : यस कार्यविधिमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि चापाकोट नगर पालिका वा चापाकोट नगरपालिको स्वामित्व भएको संस्थाले सिफारिस गरेका जातका कृषि उत्पादन गरी बिक्री गर्ने कृषकलाई मात्र चापाकोट नगरपालिकाले यस कार्यविधि बमोजिमको अनुदान दिनेछ ।

## परिच्छेद ३
## विविध

१०. **आवश्यक व्यवस्था गर्न सक्ने** : यस कार्यबिधिमा लेखिएको देखि बाहेकका अन्य विषय वा प्रसंगले अर्थ राख्ने विषयहरुमा चापाकोट न.पा.ले आवश्यक व्यवस्था  गर्न सक्ने छ ।

११. **यसै कार्यविधि बमोजिम भएको मानिने** : संघियता लागु भईसकेपछि यस कार्यविधिसँग सम्बन्धीत कामकारवाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसुची–१

दफा ४.क को उपदफा (२) संग सम्बन्धित

चापाकोट नगरपालिका को कार्यलय व्यबसायीक कृषि र पशुपालन गर्न कृषकहरुको लागत

आ.व...............

१. आफ्नो जग्गामा खेती गर्ने (कित्ता नम्बर खुलेको कृषकहरुको नामावली)

| दर्ता नम्वर | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | कैफियत | |
|---|---|---|---|---|
| १.०००१ | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

२. जग्गा करारमा लिई खेती गर्नेको नामावली

| दर्ता नम्वर | खेती गरेको वडा | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १.०००१ | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

आफ्नो जग्गा नभएको र जग्गा करारमा नलिइ खेती गर्ने कृषकहरुको नामावली

| दर्ता नम्वर | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | कित्ता नं. नखुल्ने जग्गाको हकमा चारकिल्ला | कैफियत |
|---|---|---|---|---|
| ३.०००१ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२०७७ चैत्र ०५ गते

आज्ञाले

ध्रुव खनाल

प्रमुख प्रशासकीय अधिकृत